नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(बढुवा समितिको सचिवालय)

अत्यन्त जरुरी

पत्र संख्या : ब.व्य.२०७४/७५

चलानी नं. ८३६

मितिः २०७४/१०/१४

विषयः कार्यसम्पादन मूल्याङ्कन फाराम पठाउने सम्बन्धमा ।

श्री सबै
मन्त्रालय/आयोग/सचिवालय ।

निजामती सेवा ऐन, २०४९ को दफा २४क. को उपदफा (६) तथा निजामती सेवा नियमावली, २०५० को नियम ७६ख. को उपनियम (५) बमोजिम प्रत्येक निजामती कर्मचारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कन कार्य सम्पन्न गरी/गराई भाद्र मसान्तभित्र त्यसको एक प्रति सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाई सक्नु पर्ने कानूनी ब्यवस्था भएता पनि कतिपय निकायहरुबाट तोकिएको समयभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम बढुवा समितिको सचिवालयमा नपठाएको कारण समयमै बढुवा प्रकृया सम्पन्न गर्न नसकिने हुँदा तहाँ मन्त्रालय/ आयोग/ सचिवालय/ केन्द्र/ कार्यालय वा अन्तर्गत कार्यरत नेपाल न्याय सेवा बाहेक निजामती सेवाको राजपत्रांकित श्रेणीमा कार्यरत कर्मचारी तथा सामान्य प्रशासन मन्त्रालयबाट सेवा, समूह र उपसमूह संचालन हुने नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल प्रशासन सेवा र नेपाल विविध सेवाका राजपत्र अनंकित प्रथम श्रेणीमा कार्यरत कर्मचारीहरुको बार्षिक कार्यसम्पादन मूल्याङ्कन फाराम समयमै यस सचिवालयमा उपलब्ध गराई दिनु हुन निर्णयानुसार अनुरोध छ ।

२०७४/१०/१४

(कुलप्रसाद सापकोटा)
शाखा अधिकृत